# लुसान नगरका पाहुनाहरुको सम्मानमा तानसेन नगरप्रमुखको स्वागत मन्तव्य

मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको लुसान नगरबाट तानसेनमा उपस्थित आदरणीय कार्यकारी मेयर श्री **Zhou Lunbin**, उहाको टोलीमा सम्मिलित सम्पूर्ण पाहुनाहरु र तानसेन नगरपालिकाबाट उपस्थित साथीहरु,

विश्व शान्तिका प्रर्वतक गौतम बुद्धको जन्मभूमि लुम्विनी निकट मनोरम पहाडी शहर तानसेनमा यहाँहरुलाई स्वागत गर्न पाउँदा हामी हर्षविभोर भएका छौं । यस अवसरमा प्राकृतिक रुपमा सुन्दर, प्रदुषणमुक्त शहर तानसेन ऐतिहासिक तथा धार्मिक दृष्टिले समेत चर्चित रहेको सन्दर्भ स्मरण गराउन चाहन्छु । हामीलाई सम्झना छ चीनले विगतमा साम्राज्यवादविरुद्ध अथक युद्ध जीतेको थियो । यस्तै पाल्पा राज्यका तत्कालीन कर्णेल उजीरसिंहको नेतृत्वमा हामीले पनि अंग्रेज साम्राज्यवादलाई परास्त गरेको इतिहास छ ।

विभिन्न कालखण्डमा जहानिया राणशासन, निरङकुश पञ्चायती व्यवस्था र बहुदलीय ब्यवस्थालाई व्यहोरेका नेपाली नागरिकले संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गरेको पनि एक दशक पार भएको छ । जननिर्वाचित प्रतिनिधिबाट नेपालको संविधान बनेपछि स्थानीयतह, प्रदेश तह र संघीय तहको निर्वाचन सम्पन्न भइ तीन तहको सरकार गठन भएको तथा आवश्यक ऐन, कानून निर्माणको काम अघि बढेको अवस्था अवगत गराउन पाउँदा खुसी लागेको छ । यतिबेला हामी संघीयता कायान्वयनको चरणमा रहेका छौं ।

लामो बलिदानीपूर्ण संघर्षपछि नेपाली नागरिकले आफूले चुनेका प्रतिनिधि सम्मिलित सरकार प्राप्त गरेका छन् । नागरिकको अर्थपूर्ण सहभागितामा विकास निर्माणका योजना, कार्यक्रम तथा आयोजनाहरु बन्नुका साथै कार्यान्वयनको क्रम अघि बढेको छ । तर नागरिक अपेक्षाले पूर्णता प्राप्त गर्न अझै केही समय लाग्ने निश्चित छ ।

नेपाल मित्रराष्ट्र जनवादी गणतन्त्र चीनदेखि हिमाल, पहाड, तराई हुँदै मित्रराष्ट्र भारतसँग सिमाना जोडिएको स्वतन्त्र राष्ट्र हो भन्ने तथ्य यहाँहरुलाई अवगत नै छ । छिमेकी देशहरुसंगको तटस्थ सम्वन्धलाई नेपालले सधैं सम्मान गरेको छ । यद्यपि नेपालको विकासको लागि परापूर्वकालदेखि चीन सरकार र चिनिया नागरिकको अहम भूमिका रहेको यथार्थ स्मरण गर्नै पर्दछ । इतिहास साक्षी छ-नेपाली कलाकार अरनिकोले कलाको माध्यमबाट नेपालचीन सम्वन्ध उचाइमा पुऱ्याएका थिए । नेपालकी चेली भृकुटीले बैबाहिक सम्वन्ध मार्फत नेपालचीन सम्वन्धलाई प्रगाढ तुल्याएकी थिइन । यी केही उदाहरण हुन् । नेपाल र चीनबीच जनस्तरमा समेत सधैं सुमधुर सम्वन्ध रहिआएको तथ्य प्रष्ट छ । नेपालको समग्र विकासको लागि चीन सरकारको चासोलाई हामीले सम्मानपूर्वक नियालेका छौं ।

तानसेन नगरपालिकामा निर्वाचित भएर आएपछि हामीहरुे यो १ वर्षको दौरानमा नागरिकले अनूभूति गर्नसक्ने केही काम गरेका छौं । नगरबासीले विकास, निर्माणसँगै पर्यटन प्रवर्द्धनका लागि लुसान नगर र तानसेनबीच सहकार्य होस साथै जनस्तरमा सम्वन्ध विकास होस् भन्ने आग्रह गरेको कुरा यहाँ राख्न चाहन्छु ।

लुसान नगरले गरेका विकास अनुभवबाट तानसेन नगरले धेरै कुरा सिक्न सक्ने हाम्रो ठम्याइ छ । स्थानीय सरकारको हैसियतमा तानसेन र लुसान नगरबीच सौहार्दपूर्ण सम्वन्ध कायम होस, विकासका लागि सहकार्य र समन्वय होस भन्ने हाम्रो चाहना छ ।

अन्त्यमा, यहाँहरुको भ्रमण उपलव्धिमूलक र सुखद रहोस भन्ने कामनासहित यो भेटको लागि भ्रमण टोलीका प्रमुख लगायत सम्पूर्ण पाहुनालाई धन्यवाद एवं आभार ज्ञापन गर्दछु । कार्यक्रमको संयोजक डा. सागर न्यौपाने तथा कार्यक्रमको लागि समन्वयपूर्ण भूमिका निर्वाह गर्ने सबैप्रति विशेष धन्यवाद प्रकट गदैछु । साथै व्यवस्थापनको कार्यमा तानसेन नगरपालिकाबाट खटिएका प्रमुख प्रशासकीय अधिकृत लगायत सबैलाई धन्यवाद दिन चाहन्छु ।

**अशोककुमार शाही**
**प्रमुख, तानसेन नगरपालिका**
**२०७५ असार ६ गते (जुन २०, २०१८)**